# कृषि सामग्री कम्पनी लिमिटेड

**KRISHI SAMAGRI COMPANY LTD (KSCL)**

**(An Undertaking of Government of Nepal)**

**प्रधान कार्यालय, काठमाडौं**

# दरखास्त आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७६/१२/०७**

**पुनः प्रकाशित मिति २०७७/०६/२०**

**दोस्रो पटक पुनः प्रकाशित मिति २०८३/०१/२५**

यस कम्पनीमा रिक्त रहेका विभिन्न श्रेणीका पदहरुमा पदपूर्ति गर्न मिति २०७६/१२/०७ मा सूचना प्रकाशन गरी दरखास्त आव्हान गरिएकोमा विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को संक्रमणका कारण दरखास्त वुझ्ने कार्य २०७६/१२/१२ मा सूचना प्रकाशित गरी स्थगित गरिएको र मिति २०७७/०६/२० गते सुचना प्रकाशन गरी दरखास्त सङ्कलनको कार्य पुनः सूचारू गरी मिति २०७७/०७/२६ सम्म दोब्बर दस्तुर तिरी दरखास्त दिने अवधी रहेकोमा उल्लेखित विज्ञापनका विरुद्ध परेको रिट उपर सम्मानित सर्बोच्च अदालतबाट पदपूर्तिको कामकारवाही यथास्थितिमा राखु भन्ने आदेश प्राप्त भएकोले फाराम संकलनको कार्य मिति २०७७/०७/२४ गते सूचना प्रकाशन गरी स्थगन गरिएकोमा सम्मानित सर्वोच्च अदालतबाट सो रिट नं. ०७७-wo-०३४३ उपर भएको मिति २०८२/०१/२१ गते भएको उत्प्रेषण, परमादेश मिति २०८२/१२/०६ गते प्राप्त भएकाले स्थगनमा रहेको पदपूर्तिको कार्य सूचारू गरिएको छ ।

उमेरको हद, शैक्षिक योग्यता, अनुभव लगायत उम्मेद्वारको योग्यता सम्बन्धी सम्पूर्ण शर्तहरु पूर्व प्रकाशित विज्ञापन सूचनामा उल्लेख भए अनुसार दरखास्त दिने अन्तिम मिति २०७७/०१/०७ सम्ममा पुरा भएको हुनुपर्नेछ । परीक्षाको पाठ्यक्रम मिति २०८१/०७/१२ र २०८१/०८/१० मा लागु भए बमोजिम हुनेछन् ।

योग्य उम्मेदवारहरूले मिति २०८३/०१/२५ देखि २०८३/०१/३१ सम्ममा दोब्बर दस्तुर तिरी यस कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः उमेरहदका कारण दरखास्त पेश नगरेका र उमेरहदका कारण दरखास्त स्वीकृत नभएका रिट निवेदक लगायत कम्पनीमा कार्यरत स्थायी कर्मचारीहरुका हकमा दोब्बर दस्तुर लाग्ने छैन ।

पूर्व प्रकाशित विज्ञापनहरुको सूची लगायत विस्तृत विवरण कम्पनीको वेभसाइट www.kscl.org.np बाट प्राप्त गर्न सकिनेछ ।

**सदस्य-सचिव**

**पदपूर्ति समिति**

# कृषि सामग्री कम्पनी लिमिटेड

प्रधान कार्यालय, काठमाडौं ।

## आ.प्र./खुला/समावेशी तर्फका पदहरुको प्रतियोगितात्मक परीक्षाको विज्ञापन

प्रकाशन मिति २०७६।१२।०७

लोक सेवा आयोगबाट प्राप्त सहमती बमोजिम यस कम्पनीमा रिक्त रहेका देहायका सेवा, समुहका आन्तरिक प्रतियोगिता, खुला तथा समावेशी पदहरुमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नु पर्ने हुंदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुवाट रीतपूर्वकको दरखास्त आव्हान गरिएको छ । दरखास्त फाराम कम्पनीको प्रधान कार्यालय, कुलेश्वरबाट प्राप्त गरी सम्पूर्ण विवरण भरी हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो निर्दिष्ट स्थानमा टाँस गरी फाराम र फोटो दुवैमा पर्ने गरी दस्तखत गरी दरखास्त वुझाउनु पर्नेछ । परीक्षा दस्तुर रकम नेपाल इन्भेस्टमेन्ट बैंकमा रहेको कृषि सामग्री कम्पनी लिमिटेडको चल्ती खाता नं.०१७०१०३०००१९२२ मा जम्मा गरेको भौचर दरखास्त साथ संलग्न गर्नुपर्नेछ । दरखास्त साथ उम्मेदवारले हासिल गरेको शैक्षिक योग्यता तथा तालिम र अनुभव आवश्यक पर्नेमा सो को प्रमाणपत्र, नागरिकताको प्रमाणपत्रको प्रतिलिपीहरुमा उम्मेदवार आफैले प्रमाणित गरी एकरएक प्रति अनिवार्य रुपमा संलग्न राखी पेश गर्नुपर्नेछ । रित नपुगी, म्याद नाघी वा दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्ने कागजात पेश हुन नआएको दरखास्त उपर कुनै कारवाही गरिने छैन । लिखित परीक्षा लोक सेवा आयोगवाट संचालन हुनेछ ।

| क्र.सं. | बिज्ञापन नं. | पद | श्रेणी | सेवा | किसिम | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ५/०७५/७६ | प्रबन्धक | अधिकृत प्रथम | प्रशासन | आ.प्र. | १(एक) |
| २ | ६/०७५/७६ | उप प्रबन्धक | अधिकृत द्वितीय | प्रशासन | आ.प्र. | १(एक) |
| ३ | ७/०७५/७६ | उप प्रबन्धक | अधिकृत द्वितीय | प्रशासन | खुला | १(एक) |
| ४ | ८/०७५/७६ | सहायक प्रबन्धक | अधिकृत तृतीय | प्रशासन | आ.प्र. | १(एक) |
| ५ | ९/०७५/७६ | सहायक प्रबन्धक | अधिकृत तृतीय | प्रशासन | खुला | ४(चार) |
| ६ | १०/०७५/७६ | सहायक प्रबन्धक | अधिकृत तृतीय | प्रशासन | महिला | १(एक) |
| ७ | ११/०७५/७६ | सहायक प्रबन्धक | अधिकृत तृतीय | प्रशासन | आ.ज. | १(एक) |
| ८ | १२/०७५/७६ | सहायक प्रबन्धक | अधिकृत तृतीय | प्रशासन | मधेसी | १(एक) |
| ९ | १३/०७५/७६ | सहायक प्रबन्धक | अधिकृत तृतीय | प्रशासन | दलित | १(एक) |
| १० | १४/०७५/७६ | सहायक प्रबन्धक | अधिकृत तृतीय | लेखा | खुला | १(एक) |
| ११ | १५/०७५/७६ | सहायक प्रबन्धक (कृषि) | अधिकृत तृतीय | प्राविधिक | खुला | १(एक) |
| १२ | १६/०७५/७६ | सहायक प्रबन्धक (प्लान्ट अपरेटर) | अधिकृत तृतीय | प्राविधिक | खुला | १(एक) |
| १३ | १७/०७५/७६ | सहायक प्रबन्धक (इन्जिनियर) | अधिकृत तृतीय | प्राविधिक | खुला | १(एक) |
| १४ | १८/०७५/७६ | बरिष्ठ सहायक | सहायक प्रथम | प्रशासन | खुला | ३(तीन) |
| १५ | १९/०७५/७६ | बरिष्ठ सहायक | सहायक प्रथम | प्रशासन | महिला | १(एक) |
| १६ | २०/०७५/७६ | बरिष्ठ सहायक | सहायक प्रथम | प्रशासन | आ.ज. | १(एक) |
| १७ | २१/०७५/७६ | बरिष्ठ सहायक | सहायक प्रथम | प्रशासन | मधेसी | १(एक) |
| १८ | २२/०७५/७६ | बरिष्ठ सहायक | सहायक प्रथम | लेखा | खुला | १(एक) |
| १९ | २३/०७५/७६ | बरिष्ठ सहायक (प्रा.स.) | सहायक प्रथम | प्राविधिक | खुला | २(दुई) |
| २० | २४/०७५/७६ | बरिष्ठ सहायक (प्रा.स.) | सहायक प्रथम | प्राविधिक | महिला | १(एक) |
| २१ | २५/०७५/७६ | बरिष्ठ सहायक (कम्प्युटर अपरेटर) | सहायक प्रथम | प्राविधिक | खुला | १(एक) |
| २२ | २६/०७५/७६ | सहायक | सहायक द्वितीय | प्रशासन | खुला | ३(तीन) |
| २३ | २७/०७५/७६ | सहायक | सहायक द्वितीय | प्रशासन | महिला | १(एक) |
| २४ | २८/०७५/७६ | सहायक | सहायक द्वितीय | प्रशासन | आ.ज. | १(एक) |
| २५ | २९/०७५/७६ | सहायक (कम्प्युटर अपरेटर) | सहायक द्वितीय | प्राविधिक | खुला | १(एक) |
| २६ | ३०/०७५/७६ | सहायक (प्लान्ट अपरेटर) | सहायक द्वितीय | प्राविधिक | खुला | १(एक) |
| २७ | ३१/०७५/७६ | सहायक (प्लान्ट अपरेटर) | सहायक द्वितीय | प्राविधिक | महिला | १(एक) |

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तवार्ता ।

**परीक्षा केन्द्रः-** काठमाडौं ।

**दरखास्त बुझाउने स्थानः-** कृषि सामग्री कम्पनी लिमिटेड, प्रधान कार्यालय, कुलेश्वर, काठमाडौं ।

**संलग्न गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले शैक्षिक योग्यता र नागरिकताका प्रमाण पत्रका साथै समावेशी समूहका विज्ञापनको हकमा समावेशी समूह खुल्ने कागजातको प्रतिलिपी संलग्न गर्नु पर्नेछ । दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सोको साथमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य पेश गर्नु पर्नेछ । अनुभव आवश्यक पर्ने पदहरुका लागि दरखास्त फाराममा अनुभव सम्बन्धी विवरण उल्लेख गरी आफुले  काम गरेको कार्यालय/संस्थाको प्रमुखबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७७/०१/०७ र दोब्बर दस्तुर तिरी २०७७/०१/१४ सम्म दरखास्त फाराम बुझाउन सकिनेछ ।

**उम्मेदवारको उमेरको हदः-** २०७७/०१/०७ सम्म अधिकृत प्रथम श्रेणी र द्वितीय श्रेणीका पदहरुको हकमा २१ वर्ष उमेर पुरा भै वर्ष ४० ननाघेको, अधिकृत तृतीय श्रेणीका पदहरुको हकमा २१ वर्ष उमेर पुरा भै वर्ष ३५ ननाघेको, सहायक प्रथम र द्वितीय श्रेणीका पदहरुको हकमा १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको तर महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।

**पदमा रही गर्नुपर्नेकामः-** कम्पनीको व्यवस्थापन अन्तर्गत रही तोकिए बमोजिम कार्य गर्नुपर्ने ।

**तलव तथा सेवा, सुबिधाः-** कम्पनीको नियम अनुसार ।

**सम्पर्क मितिः-** २०७७।०१।२६

**लिखित परीक्षा मितिः-** लोक सेवा आयोगबाट कायमभए पश्चात् प्रकाशित गरिनेछ ।

**परीक्षा दस्तुरः-** प्रत्येक विज्ञापनका लागि देहाय अनुसार परीक्षा दस्तुर बुझाउनु पर्नेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि थप दस्तुर बुझाउनु पर्नेछ ।

| श्रेणी | परीक्षा दस्तुर | प्रत्येक थप समावेशी समूहका लागि थप दस्तुर |
|---|---|---|
| अधिकृत प्रथम | रु. १,५००।- (एक हजार पाँच सय | रु.६००।- (छ सय) |
| अधिकृत द्वितीय | रु. १,२००।- (एकहजार दुईसय) | रु.५००।- (पाँचसय) |
| अधिकृत तृतीय | रु. १,०००।- (एक हजार) | रु.४००।- (चार सय) |
| बरिष्ठ सहायक | रु.४००।- (चार सय) | रु.२००।- (दुई सय) |
| सहायक | रु. ३००।- (तीन सय) | रु.१५०।- (एक सय पचास) |

### आवश्यक न्यूनतम योग्यताः

**अ) आ.प्र. तर्फ**

कृषि सामग्री कम्पनी लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०५९ (सातौ संशोधन) को विनियम २७ बमोजिमको न्युनतम सेवा अवधि पूरा गरेको बढुवा  हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदका लागि सोही विनियमावलीको विनियम १५ बमोजिम तोकिएको शैक्षिक योग्यता हासिल गरेको तर महिला आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी वसोबास भएका कर्मचारीको हकमा सो सेवा अवधिमा १ वर्ष कम भएपनि हुनेछ । अधिकृत तृतीय श्रेणी वा सो भन्दा माथिको पदका लागि कम्तिमा स्नातक तह उत्तिर्ण गरेको हुनु पर्नेछ ।

**आ) खुला तथा समावेशीतर्फ**

क. अधिकृत द्वितीय श्रेणी, उप प्रबन्धक (प्रशासन) पदका लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गर्नुका साथै कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित संस्था वा अर्न्तराष्ट्रिय संघ संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ । तर विद्यावारिधी स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि २ बर्षले कम हुनेछ ।

ख. अधिकृत तृतीय श्रेणी, सहायक प्रबन्धक (प्रशासन) पदका लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तिर्ण ।

ग. अधिकृत तृतीय श्रेणी, सहायक प्रबन्धक (लेखा) पदका लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट बाणिज्य शास्त्रमा स्नातक वा सो सरह उत्तिर्ण ।

घ. अधिकृत तृतीय श्रेणी, सहायक प्रबन्धक (कृषि) पदका लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस.सी.एजी. वा सो सरह उत्तिर्ण ।

ङ. अधिकृत तृतीय श्रेणी, सहायक प्रबन्धक (प्लान्ट अपरेटर)पदका लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तिर्ण ।

च. अधिकृत तृतीय श्रेणी, सहायक प्रबन्धक (इन्जिनियर) पदका लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग बिषयमा स्नातक वा सो सरह उत्तिर्ण ।

छ. सहायक प्रथम श्रेणी, बरिष्ठ सहायक (प्रशासन) पदका लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण ।

ज. सहायक प्रथम श्रेणी, बरिष्ठ सहायक (लेखा) पदका लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट बाणिज्य शास्त्रमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण ।

झ. सहायक प्रथम श्रेणी, बरिष्ठ सहायक (प्रा.स.) पदका लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट आई.एस.सी.एजी. वा सो सरह उत्तिर्ण ।

ञ. सहायक प्रथम श्रेणी, बरिष्ठ सहायक (कम्प्युटर अपरेटर) पदका लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इन्जिनियरिङ्ग/कम्प्युटर साइन्स बिषयमा प्रमाणपत्र तहवा सो सरह उत्तिर्ण ।

ट. सहायक द्वितीय श्रेणी, सहायक (प्रशासन) पदका लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. मा न्युनतम जि.पि.ए. २ वा सो सरह उत्तीर्ण ।

ठ. सहायक द्वितीय श्रेणी, सहायक (कम्प्युटर अपरेटर) पदका लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. मा न्युनतम जि.पि.ए. २ वा सो सरह उतिर्ण गरी कम्प्युटर सम्बन्धि कम्तिमा ६ (छ) महिनाको तालिम प्राप्त ।

ड. सहायक द्वितीय श्रेणी, सहायक (प्लान्ट अपरेटर) पदका लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ्ग बिषय लिई असिष्टेण्ट सब ईन्जिनियर वा सो सरह उत्तिर्ण ।

### समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेद्वारहरुका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित (आफैंले नक्कल प्रमाणित समेत गरेको) साथमा लिई आउनु पर्नेछ ।

(क) आदिवासी/जनजातिका हकमाः- नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) मधेसीका हकमाः- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ग) दलितका हकमाः- राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु सम्बन्धित भएमा स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(घ) अपाङ्गका हकमाः- स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्/सम्बन्धित स्थानीय तहबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र ।

### द्रष्टव्य

१. कृषि सामग्री कम्पनी लिमिटेडको कर्मचारी प्रशासन विनियमावली, २०५९ (सातौ संशोधन २०७६) बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

२. प्रत्येक सेवा अन्तर्गत खुल्ला तथा समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिइनेछ ।

३. समावेशी समूह भित्र फाराम भर्ने उम्मेदवारहरुले विज्ञापन अनुसारका प्रत्येक समूहका लागि दरखास्त फारामको पहिलो पाना छुट्टाछुट्टै भर्नुपर्नेछ साथै उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ । तर रोल नं. र प्रबेशपत्र भने एउटै मात्र प्रदान गरिनेछ । आवश्यक विवरण नखुलाउने उम्मेदवारलाई परीक्षामा समावेश गराईने छैन ।

४. एक भन्दा बढी समूहमा फाराम पर्ने उम्मेदवारहरुले आफूले पेश गर्ने आवश्यक प्रमाणहरुको प्रत्येकको १/१ प्रति मात्र बुझाए पुग्नेछ ।

५. अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा सम्बन्धित पदको लागि तोकिएको न्यूनतम सेवा अवधि पुरा भएको हुनपर्नेछ ।

६. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

७. दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा पछिको कार्यालय खुलेको दिन दरखास्त दिने अन्तिम मिति मानिनेछ ।

८. तोकिएको म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएका अन्य विवरण नखुलेको वा दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

९. दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरि सकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धीत निकाय वा आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

१०. कारण खुलाई वा नखुलाई कुनै पनि दरखास्त रद्द गर्ने अधिकार पदपूर्ति समितिमा निहित हुनेछ ।

११. परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ । अन्यथा उत्तर पुस्तिका रद्द हुनेछ ।

१२. पाठ्यक्रम कम्पनीको वेबसाइट www.kscl.gov.np बाट प्राप्त गर्न सकिने छ ।

पदपूर्ति समिति

**कृषि सामग्री कम्पनी लिमिटेड**

प्रधान कार्यालय, कुलेश्वर, काठमाडौं ।

फोन नं. ०१-४२७९३६१

## दरखास्त आव्हानको सूचना

(प्रकाशित मिति २०७७।६।२०)

यस कम्पनीमा रिक्त रहेका विभिन्न पद/श्रेणीहरु पदपूर्ति गर्न मिति २०७६।१२।०७ मा सूचना प्रकाशित गरी दरखास्त आव्हान गरिएकोमा विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को संक्रमणका कारण दरखास्त बुझ्ने कार्य मिति २०७६।१२।१२ मा सूचना प्रकाशित गरी स्थगित गरिएकोमा पदपूर्ति समितिको मिति २०७७।६।१८ को निर्णयानुसार उक्त सूचनामा उल्लेखित सम्पूर्ण खुल्ला तथा समावेशी विज्ञापनहरुको दरखास्त लिने अवधि देहाय अनुसार कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त सम्पूर्ण विज्ञापनहरुको हकमा उमेर हद, सेवा अवधि, शैक्षिक योग्यता लगायत उम्मेदवारको योग्यता सम्बन्धी सम्पूर्ण प्रावधानहरु पूर्व प्रकाशित सूचनामा उल्लेख भए अनुसार नै कायम गरिएको व्यहोरा समेत जानकारी गराईन्छ ।

### तपसिल

१. दरखास्त बुझाउने मितिः- २०७७।६।२० गते देखि २०७७।७।१९ सम्म ।

२. दोब्बर दस्तुर तिरी दरखास्त बुझाउने मितिः २०७७।७।२० देखि २०७७।७।२६ सम्म ।

सदस्य सचिव

पदपूर्ति समिति

कृषि सामग्री कम्पनी लिमिटेड

**KRISHI SAMAGRI COMPANY LTD**

(An Undertaking of Government of Nepal)

कृषि सामग्री कम्पनी लिमिटेड
**KRISHI SAMAGRI COMPANY LTD (KSCL)**
**(An Undertaking of Government of Nepal)**
प्रधान कार्यालय, काठमाडौं

# दरखास्त आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/०८/३०
पुनः प्रकाशित मितिः २०८३/०१/२५

यस कम्पनीमा रिक्त रहेका विभिन्न श्रेणीका पदहरुमा पदपुर्ति गर्न मिति २०७७/०८/३० को सूचनाबाट दरखास्त आव्हान गरी खुला/समावेशी तर्फका विज्ञापनहरूमा दरखास्त स्वीकृत भई उमेद्वारहरुको नामावली लोकसेवा आयोगमा समेत पठाइसकिएकोमा सम्मानित सर्वोच्च अदालतको मिति २०७७/०७/१९ गतेको अन्तरिम आदेश कार्यान्वयनका लागि उक्त विज्ञापनहरूमा पदपुर्तिको कार्य स्थगनमा रहेकोमा उक्त रिट नं.०७७-WO-०३४३ उपर सम्मानीत सर्वोच्च अदालतबाट मिति २०८२/०१/२१ मा भएको उत्प्रेषण, परमादेश मिति २०८२/१२/०६ मा प्राप्त भएको हुँदा उमेरहदका कारण दरखास्त पेश नगरेका वा उमेरहदका कारण दरखास्त स्वीकृत नभएका रिट निवेदक लगायत कम्पनीमा कार्यरत स्थायी कर्मचारीहरुबाट मिति २०८३/०१/२५ गते देखि मिति २०८३/०१/३१ गते सम्म खुला/समावेशी तर्फका सबै विज्ञापनहरुमा पुनः दरखास्त आव्हान गरिएको छ। दरखास्तका अन्य सम्पूर्ण शर्तहरू मिति २०७७/०८/३० मा प्रकाशित पदपूर्ति सम्बन्धित सूचनामा उल्लेख भए अनुसार र पाठ्यक्रम २०८१/०७/१२ र २०८१/०८/१० मा लागु भए बमोजिम हुनेछन्।

सदस्य-सचिव
पदपूर्ति समिति

# कृषि सामग्री कम्पनी लिमिटेड

## प्रधान कार्यालय, काठमाडौं

## आ.प्र., खुला र समावेशी तर्फका पदहरुको प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**प्रकाशन मिति २०७७।८।३०**

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस कम्पनीमा रिक्त रहेका देहायका सेवा, समुहका आन्तरिक प्रतियोगिता, खुला तथा समावेशी पदहरुमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नु पर्ने हुंदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुवाट रीतपूर्वकको दरखास्त आव्हान गरिएको छ । दरखास्त फाराम कम्पनीको प्रधान कार्यालय, कुलेश्वरबाट प्राप्त गरी सम्पूर्ण विवरण भरी हाल सालै खिचिएको पासपोर्ट साइजको चार प्रति फोटो निर्दिष्ट स्थानमा टाँस गरी फाराम र फोटो दुवैमा पर्ने गरी दस्तखत गरी दरखास्त बुझाउनु पर्नेछ। परीक्षा दस्तुर रकम नेपाल इन्भेष्टमेन्ट बैंकमा रहेको कृषि सामग्री कम्पनी लिमिटेडको चल्ती खाता नं. ०१७०१०३०००१९२२ मा जम्मा गरेको भौचर दरखास्त साथ संलग्न गर्नुपर्नेछ । दरखास्त साथ उम्मेदवारले हासिल गरेको शैक्षिक योग्यता तथा तालिम र अनुभव आवश्यक पर्नेमा सो को प्रमाणपत्र, नागरिकताको प्रमाण पत्रको प्रतिलिपीहरुमा उम्मेदवार आफैले प्रमाणित गरी एक/एक प्रति अनिवार्य रुपमा संलग्न राखी पेश गर्नु पर्नेछ। रीत नपुगी, म्याद नाघी वा दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्ने कागजात पेश हुन नआएको दरखास्त उपर कुनै कारबाही गरिने छैन ।  लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ ।

| विज्ञापन नं. | पद | श्रेणी | सेवा | किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १२/०७७/७८ | उप प्रबन्धक | अधिकृत द्वितीय | प्रशासन | आ.प्र. | १(एक) |
| १३/०७७/७८ | बरिष्ठ कृषि अधिकृत | अधिकृत द्वितीय | प्राविधिक | खुल्ला | १(एक) |
| १४/०७७/७८ | सहायक प्रबन्धक | अधिकृत तृतीय | प्रशासन | आ.प्र. | १(एक) |
| १५/०७७/७८ | सहायक प्रबन्धक | अधिकृत तृतीय | प्रशासन | खुला | ३(तीन) |
| १६/०७७/७८ | सहायक प्रबन्धक | अधिकृत तृतीय | प्रशासन | महिला | १(एक) |
| १७/०७७/७८ | बरिष्ठ सहायक | सहायक प्रथम | प्रशासन | खुला | ३(तीन) |
| १८/०७७/७८ | बरिष्ठ सहायक | सहायक प्रथम | प्रशासन | महिला | १(एक) |
| १९/०७७/७८ | बरिष्ठ सहायक | सहायक प्रथम | प्रशासन | दलित | १(एक) |
| २०/०७७/७८ | बरिष्ठ सहायक | सहायक प्रथम | लेखा | महिला | १(एक) |
| २१/०७७/७८ | बरिष्ठ सहायक (प्रा.स.) | सहायक प्रथम | प्राविधिक | खुला | १(एक) |
| २२/०७७/७८ | बरिष्ठ सहायक (प्रा.स.) | सहायक प्रथम | प्राविधिक | आ.ज. | १(एक) |
| २३/०७७/७८ | बरिष्ठ सहायक (प्लान्ट अपरेटर) | सहायक प्रथम | प्राविधिक | खुला | १(एक) |
| २४/०७७/७८ | बरिष्ठ सहायक (कम्प्यूट अपरेटर) | सहायक प्रथम | प्रशासन | महिला | १(एक) |
| २५/०७७/७८ | सहायक (सहायक कम्प्युटर अपरेटर) | सहायक द्वितीय | प्रशासन | खुला | २(दुई) |
| २६/०७७/७८ | सहायक (सहायक कम्प्युटर अपरेटर) | सहायक द्वितीय | प्रशासन | महिला | १(एक) |
| २७/०७७/७८ | सहायक (सहायक कम्प्युटर अपरेटर) | सहायक द्वितीय | प्रशासन | आ.ज. | १(एक) |

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।

**परीक्षा केन्द्रः-** काठमाडौं ।

**दरखास्त बुझाउने स्थानः-** कृषि सामग्री कम्पनी लिमिटेड, प्रधान कार्यालय, कुलेश्वर, काठमाडौं ।

**संलग्न गर्नुपर्ने कागजातहरु :-** उम्मेदवारले शैक्षिक योग्यता र नागरिकताका प्रमाण पत्रका साथै समावेशी समूहका विज्ञापनको हकमा समावेशी समूह खुल्ने कागजातको प्रतिलिपी संलग्न गर्नुपर्नेछ । दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सोको साथमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य पेश गर्नुपर्नेछ । अनुभव आवश्यक पर्ने पदहरुका लागि दरखास्त फाराममा अनुभव सम्बन्धी विवरण उल्लेख गरी आफुले काम गरेको कार्यालय/संस्थाको प्रमूखबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७७/९/२० र दोब्बर दस्तुर तिरी २०७७/९/२७ सम्म बुझाउन सकिनेछ ।

**खुल्ला तथा समावेशी तर्फका उम्मेदवारको लागि उमेरको हदः-** २०७७/९/२० सम्म अधिकृत द्वितीय श्रेणीका पदहरुको हकमा २१ वर्ष उमेर पुरा भै ४० वर्ष ननाघेको, अधिकृत तृतीय श्रेणीका पदहरुको हकमा २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको, सहायक प्रथम र द्वितीय श्रेणीका पदहरुको हकमा १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको । महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।

**पदमा रही गर्नुपर्ने कामः-** कम्पनीको व्यवस्थापनले तोकिए बमोजिमका कार्यहरु गर्नुपर्ने ।

**तलव तथा सेवा,सुविधाः-** कम्पनीको नियम अनुसार ।

**सम्पर्क मितिः-** : २०७७।१०।७

**लिखित परीक्षा मितिः-** लोक सेवा आयोगबाट कायम भए पश्चात् प्रकाशन गरिनेछ ।

**परीक्षा दस्तुरः-** प्रत्येक विज्ञापनका लागि देहाय अनुसार परीक्षा दस्तुर बुझाउनु पर्नेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि थप दस्तुर बुझाउनु पर्नेछ ।

| श्रेणी | परीक्षा दस्तुर | प्रत्येक थप समावेशी समूहका लागि थप दस्तुर |
|---|---|---|
| अधिकृत द्वितीय | रु. १,२००।- (एकहजार दुई  सय) | रु.५००।- (पाँच सय) |
| अधिकृत तृतीय | रु. १,०००।- (एक हजार) | रु.४००।- (चार सय) |
| बरिष्ठ सहायक | रु.४००।- (चार सय) | रु.२००।- (दुई सय) |
| सहायक | रु. ३००।- (तीन सय) | रु.१५०।- (एक सय पचास) |

**आवश्यक न्यूनतम योग्यताः**

**अ) आ.प्र. तर्फ**

कृषि सामग्री कम्पनी लिमिटेड कर्मचारी प्रशासन विनियमावली,२०५९ (सातौ संशोधन) को विनियम २७ बमोजिमको न्युनतम सेवा अवधि पूरा गरेको र बढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदका लागि सोही विनियमावलीको विनियम १५ बमोजिम तोकिएको शैक्षिक योग्यता हासिल गरेको । तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी वसोबास भएका कर्मचारीको हकमा सो सेवा अवधिमा १ वर्ष कम भए पनि हुनेछ । अधिकृत तृतीय श्रेणी वा सो भन्दा माथिको पदमा लागि कम्तिमा स्नातक तह उत्तिर्ण गरेको हुनु पर्नेछ ।

## आ) खुला तथा समावेशी तर्फ

१. **अधिकृत द्वितीय श्रेणी, उप-प्रबन्धक (प्रशासन) पदका लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गर्नुका साथै कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित संस्था वा अर्न्तराष्ट्रिय संघ संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ । तर विद्यावारिधी स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि २ बर्षले कम हुनेछ ।

२. **अधिकृत द्वितीय श्रेणी वरिष्ठ कृषि अधिकृत (प्राविधिक) पदका लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वाली विज्ञानमा एम.एस.सी.एजी. वा सो सरह उर्त्तीण गर्नुका साथै कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित संस्था वा अर्न्तराष्ट्रिय संघ संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्रापत गरेको हुनुपर्नेछ । तर विद्यावारिधी स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि २ बर्षले कम हुनेछ ।

३. **अधिकृत तृतीय श्रेणी, सहायक प्रबन्धक (प्रशासन) पदका लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तिर्ण ।

४. **सहायक प्रथम श्रेणी, बरिष्ठ सहायक(प्रशासन) पदका लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण ।

५. **सहायक प्रथम श्रेणी, बरिष्ठ सहायक (लेखा) पदका लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट बाणिज्य शास्त्रमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण ।

६. **सहायक प्रथम श्रेणी, बरिष्ठ सहायक (प्रा.स.) पदका लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आई.एस.सी.एजी. वा सो सरह उत्तिर्ण ।

७. **सहायक प्रथम श्रेणी, बरिष्ठ सहायक (प्लान्ट अपरेटर) पदका लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ्गमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण ।

८. **सहायक प्रथम श्रेणी, (बरिष्ठ सहायक, कम्प्यूटर अपरेटर) पदका लागि :-**मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर इन्जिनियरिङ्ग/कम्प्यूटर साइन्स बिषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण ।

९. **सहायक द्वितीय श्रेणी, सहायक कम्प्युटर अपरेटर पद का लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट न्युनतम जि.पि.ए. २ प्राप्त गरी एस.ई.ई. वा सो सरह उत्तीर्ण भई कम्प्युटर सम्बन्धी बिषयमा कम्तिमा ६(छ) महिनाको तालिम प्राप्त ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ।

(क) आदिवासी/जनजातिका हकमा :नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) मधेसीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ग) दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(घ) अपाङ्गका हकमा:- समाज कल्याण परिषद्‌बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को दफा ४ को उपदफा ३ बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र ।

## द्रष्टव्य

१. नेपाल कृषि सामग्री कम्पनी लिमिटेडको कर्मचारी प्रशासन विनियमावली, २०५९ (सातौ संशोधन २०७६) बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।
२. प्रत्येक सेवा अन्तर्गत खुल्ला तथा समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिइनेछ ।
३. समावेशी समूह भित्र फाराम भर्ने उम्मेदवारहरुले विज्ञापन अनुसारका प्रत्येक समूहका लागि दरखास्त फारामको पहिलो पाना छुट्टा छुट्टै भर्नुपर्नेछ साथै उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ तर रोल नम्बर र प्रवेश पत्र भने एउटै मात्र प्रदान गरिनेछ । आवश्यक विवरण नखुलाउने उम्मेदवार लाई परीक्षामा समावेश गराईने छैन ।
४. एक भन्दा बढी समूहमा फाराम पर्ने उम्मेदवारहरुले आफूले पेश गर्ने आवश्यक प्रमाणहरुको प्रत्येकको १/१ प्रति मात्र बुझाए पुग्नेछ ।
५. अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा सम्बन्धित पदको लागि तोकिएको न्यूनतम सेवा अवधि पुरा भएको हुनपर्नेछ ।
६. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।
७. दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा पछिको कार्यालय खुलेको दिन दरखास्त दिने अन्तिम मिति मानिनेछ ।
८. तोकिएको म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएका अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृतगरिने छैन ।
९. दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरि सकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धीत निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।
१०. कारण खुलाई वा नखुलाई कुनै पनि दरखास्त रद्द गर्ने अधिकार पदपूर्ति समितिमा निहित हुनेछ ।
११. परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।
१२. पाठ्यक्रम कम्पनीको वेबसाइट www.kscl.gov.np बाट प्राप्त गर्न सकिने छ ।

सदस्य सचिव
पदपूर्ति समिति
कृषि सामग्री कम्पनी लिमिटेड
**KRISHI SAMAGRI COMPANY LTD**
(An Undertaking of Government of Nepal)